# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बिर्घा, स्याङ्जा
## स्थापित २०७३

पत्र संख्या : २०७९/८०

गण्डकी प्रदेश, नेपाल

**मत्स्यपालन कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना!!!**

(प्रथम पटक प्रकाशित मिति २०७९/०६/१३)

यस कालीगण्डकी गाउँपालिका पशु सेवा शाखाको आ.व. ०७९/८० को बार्षिक गा.पा को बजेट शीर्षक **माछाको भुरा र दाना वितरण, अनुदान तथा माछा पोखरी संरक्षण** अन्तर्गत माछा प्रबर्द्धनका लागि शत् प्रतिशत अनुदानमा ७ प्रजातिका माछाको भुरा, दाना, चुना, मत्स्य पोखरीमा सर्प छेक्ने जाली (व्यवसायिक फर्म लाई मात्र)सहित वितरण गरिने प्याकेज सहितको कार्यक्रम, सञ्चालन गर्नुपर्ने भएकोले **पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया २०७८** बमोजिम **मत्स्यपालन कार्यक्रम** अन्तर्गत माछापालन कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/कृषक समूह/ समिति र फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात (२०७९/०६/२७) गते सम्ममा रित पूर्वक तपासिलमा उल्लिखित कागजातहरु संलग्न गरी कालीगण्डकी गाउँपालिकामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क.सं | कार्यक्रम विवरण | बजेट रु. | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | **निजी तथा समूहगत प्रणाली मार्फत व्यावसायिक मत्स्यपालन (फलो-अप कार्यक्रम)** पानीको नियमित स्रोत भएको कम्तीमा २ रोपनी जग्गामा माछा पोखरी निर्माण गर्नुपर्नेछ। १.५ मि देखि २ मि गहिराईको पोखरीमा, पानीको मात्रा १.५ मि र ०.५ मि खाली हुनुपर्नेछ। | ३ लाख पूर्ण अनुदानमा माछाका भुरा ,सर्प छेक्ने जाली,औषधी खरिद ढुवानी र मत्स्यपालन तालिम, अनुगमन स्थलगत माछा पोखरीमा भ्रमण तथा प्रशासनिक कार्य आदि | **गत वर्ष स्थापना भएका मत्स्य पोखरी २ वटा सम्म फर्म,समूह/समिति/तथा विधिवत् दर्ता भएका निजी संस्था वा फर्म छनौट गरिनेछ** | व्यावसायिक पोखरी निर्माण (पोखरीको भुँईमा तारपोलिन प्लास्टिक बिछ्याउन पनि सकिनेछ) र माछाको भुरा सर्प छेक्ने जाली, मत्स्य दाना, भुरा ढुवानी |
| २ | **ग्रामिण क्षेत्रमा रहेका साना पोखरी करेसाबारी मत्स्यपालन कार्यक्रम** | | कार्प जातका ७ प्रजातिका माछाका भुरा उपलब्ध गराइनेछ। | कम्तीमा पोखरीको क्षेत्रफल १५० बर्गफुट हुनुपर्नेछ। |
| ३ | **कार्यलय तथा पशु सेवा शाखाको भूमिका** | | माछाका भुरा खरिद, ढुवानि, मत्स्यपालन तालिम, अनुगमन, औषधि प्राविधिक सहयोग आदि | कार्प जातका ७ प्रजातिका माछा उपलब्ध गराइनेछ। |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :-**

१. कृषक समूहको समूह, समिति वा फर्मको पान दर्ता प्रमाणपत्र,
२. कार्यक्रम माग गर्ने सम्बन्धित समूहको कार्यसमितिको निर्णयको प्रतिलिपि,
३. समूहका सदस्यहरुको नामावली सहित नागरिकताको प्रतिलिपि वा परिचय खुल्ने प्रमाणपत्र प्रतिलिपि,
४. फर्म संचालन गरिएको जग्गाको स्वामित्व खुल्ने कागजपत्र, लिजमा लिएको भए सम्झौता पत्र, तथा मन्जुरीनामा
५. साना करेसाबारी फर्मको लागि नागरिकताको प्रतिलिपि, फर्मेट अनुसार निवेदन,
६. पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजनाको ढाँचा र अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन।
७. सम्बन्धित वडाको सिफारिस पत्र।

**संक्षिप्त कार्ययोजनाको ढाँचा र अनुसूची ३ बमोजिमको निवेदनको ढाँचा यस कार्यलयको website: www.kaligandakimunsyangja.gov.np बाट प्राप्त गर्न सकिनेछ थप जानकारीको लागि कालीगण्डकी गाउँपालिका पशुसेवा शाखा प्रमुख राजेश पाण्डे ९८५७६३०६३२ मा सम्पर्क गर्न सकिनेछ।**

देवेन्द्र पाण्डे
प्रमुख प्रशासकीय अधिकृत